प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान युवा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा, कपिलबस्तु

प.स. - ०७८/७९

च.नं. - ३८५

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
गजेहडा, कपिलबस्तु

मितिः २०७९/०२/३१

**विषयः उत्कृष्ट शिक्षक तथा शैक्षिक संस्था छनौट गरी पठाईदिनुहुन।**

**श्री स्थानीय तहहरु सबै**

**अर्घाखाँची र कपिलबस्तु जिल्ला**

**लुम्बिनी प्रदेश, नेपाल।**

प्रस्तुत विषयमा यस सामाजिक विकास डिभिजन कार्यालय कपिलवस्तुको आ.ब. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थालाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन २०७८** बमोजिम यस डिभिजन कार्यालयको कार्य क्षेत्र भित्रका अर्घाखाँची र कपिलबस्तु जिल्लाबाट उत्कृष्ट शिक्षकहरु तथा शैक्षिक संस्था छनौट गरी प्रोत्साहन रकम उपलब्ध गराउने कार्यक्रम रहेकोले इच्छुक सामुदायिक विद्यालयका शिक्षकहरु तथा विद्यालयहरुको तहाँ स्थानीय तहमा निवेदन लिई उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थालाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन २०७८ बमोजिम तहाँ स्थानीय तह अन्तर्गत एक सामुदायिक विद्यालय तथा विद्यालयहरुमा कार्यरत प्राथमिक तह, निम्न माध्यमिक (आधारभूत तह) र माध्यमिक तहबाट एक/एक जना गरी जम्मा ३ जना शिक्षकहरु छनौट गरी १० दिन भित्र यस कार्यालयमा आइपुग्ने गरी पठाइदिनुहुन अनुरोध छ। साथै उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थालाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन २०७८, विद्यालय तथा शिक्षकले पेश गर्ने निवेदनको ढाँचा समेत यसै पत्र साथ संलग्न गरी पठाइएको छ।

सूर्यप्रसाद भुसाल
कार्यालय प्रमुख

**सूर्य प्रसाद भुसाल**
**कार्यालय प्रमुख**

प्रदेश सरकार
लुम्बिनी प्रदेश

# शिक्षा, विज्ञान युवा तथा खेलकुद मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा, कपिलबस्तु

प.सं. - ०७८/७९
च.नं.-

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
गजेहडा, कपिलबस्तु

मितिः २०७९/०२/३१

**उत्कृष्ट शिक्षक तथा शैक्षिक संस्थालाई प्रोत्साहन कार्यक्रम सम्वन्धि सूचना।**

प्रस्तुत विषयमा यस सामाजिक विकास डिभिजन कार्यालय कपिबलस्तुको आ.ब. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस डिभिजन कार्यालयको कार्य क्षेत्र भित्रका अर्घाखाँची र कपिलबस्तु जिल्लाबाट **उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थालाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन २०७८** बमोजिम प्रत्येक स्थानीय तहबाट ३/३ जना उत्कृष्ट शिक्षकहरु तथा जिल्लाको एक शैक्षिक संस्था (विद्यालय) छनौट गरी प्रोत्साहन रकम उपलब्ध गराउने कार्यक्रम रहेकोले इच्छुक सामुदायिक विद्यालयहरु तथा शिक्षकहरुले यो सूचना प्रकाशन भएको ७ दिन भित्र सम्वन्धित स्थानीय तहमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित स्थानीय तहबाट प्राप्त गर्न सकिनेछ।

सूर्यप्रसाद भुसाल
कार्यालय प्रमुख

सूर्य प्रसाद भुसाल
कार्यालय प्रमुख

श्री कार्यालय प्रमुखज्यू,
सामाजिक विकास डिभिजन कार्यालय कपिलबस्तु।

सामाजिक विकास डिभिजन कार्यालय कपिबलस्तुको आ.ब. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थालाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन २०७८** बमोजिम हाम्रो विद्यालय प्रोत्साहन रकम प्राप्त गर्न इच्छुक रहेकोले तपशिल बमोजिमको विवरण खुलाइ यो निवेदन पेश गरिएको छ।

जिल्लाः स्थानीय तहः वडा नं-

विद्यालयको नाम र ठेगानाः

संचालित तहः

| क्र.सं | विवरण | आधार | पूर्णाङ्क | विद्यालयले भर्ने अंक | प्राप्ताङ्क (छनौट समितिले भर्ने) |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी संङ्ख्या | ५०० सम्मको २ अङ्क, ७०० सम्मको ५ अङ्क, १००० सम्मको ७ अङ्क र १००० भन्दा माथि १० अङ्क | १० | | |
| २ | शिक्षक दरबन्दी | दरबन्दी र राहत शिक्षक अनुसार विद्यार्थी अनुपात ३० भन्दा कम भए ४ अङ्क, ४० भन्दा कम भए ५ अङ्क, ५० भन्दा कम भए ६ अङ्क, ५० देखि ६० सम्म ८ अङ्क, र सो भन्दा माथि भए १० अङ्क | १० | | |
| ३ | एस ई ई/ जीपीए | ३ वर्षको औषत जीपीए १.५ सम्म भए १०, २ सम्म भए १५ र २ भन्दा माथि भए २० अङ्क | २० | | |
| ४ | मानव विकास सूचकाङ्क | जिल्ला गत औषत वा भन्दा माथि भए ५ अङ्क, जिल्लागत औषत भन्दा कम हुनेले १० अङ्क | १० | | |
| ५ | प्रबर्धनात्मक कार्यहरु शिक्षण सिकाईसँग सम्बन्धित | विद्यालयले गरेका प्रबर्धनात्मक काम संख्या बढीमा ५ वटा ५ अङ्क (प्रति प्रबर्धात्मक १ अङ्क) | ५ | | |
| ६ | क्षेत्र | नगरपालिका भएमा ५ र गाउपालिका भए १० | १० | | |
| ७ | दलित विद्यार्थी | २० प्रतिशत सम्म भए ५ अङ्क, ३० प्रतिशत सम्म भए ७ अङ्क र ३० प्रतिशत भन्दा माथि भए १० अङ्क | १० | | |
| ८ | पुरस्कार | संघिय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय तथा प्रदेश सामाजिक विकास मन्त्रालयबाट यसपूर्व उत्कृष्ट विद्यालयको रुपमा पुरस्कार पाएको ५ अङ्क र नपाएकोमा १० अङ्क | १० | | |
| ९ | सिकाई उपलब्धि | शैक्षिक सत्र २०७७/०७८ को सिकाई उपलब्धि औषत २ सम्मको लाई ५ अङ्क, ३ सम्मको ७ अङ्क र ३ भन्दा माथिको १० अङ्क | १० | | |
| १० | गणित विषयको औषत ग्रेड प्वाइन्ट | शै.सत्र २०७६/०७७ को गणितको ग्रेड औषत १.५ भएमा ३ अङ्क र सो भन्दा माथिको ५ अङ्क | ५ | | |
| | | जम्मा | १०० | | |

नोटः माथी उल्लेखित आधारको विवरण खुल्ने कागजातहरु जस्तैः विद्यार्थी (दलित समेत) विवरण, शिक्षक दरवन्दी संख्या, विद्यार्थी शिक्षक अनुपात, एस.इ.इ.को जिपिए, प्रवर्तनात्मक कार्यको विवरण, यस अघि पुरस्कार पाए नपाएको विवरण, औषत सिकाइ उपलब्धी विवरण र गणित विषयको ग्रेड पोइन्ट विवरण प्रअबाट प्रमाणित गरी छुट्टै पेश गर्नु पर्नेछ।

निवेदक

प्रधानाध्यापकको नामः

हस्ताक्षरः

मितिः

विद्यालयको छापः

श्री कार्यालय प्रमुखज्यू,
सामाजिक विकास डिभिजन कार्यालय कपिलबस्तु ।

सामाजिक विकास डिभिजन कार्यालय कपिबलस्तुको आ.ब. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **उत्कृष्ट शिक्षक, कर्मचारी तथा शैक्षिक संस्थालाई प्रोत्साहन कार्यक्रम संचालन मार्गदर्शन २०७८** बमोजिम म प्रोत्साहन रकम प्राप्त गर्न इच्छुक रहेकोले तपशिल बमोजिमको विवरण खुलाइ यो निवेदन पेश गरिएको छ ।

जिल्लाः स्थानीय तहः वडा नं-

विद्यालयको नाम र ठेगानाः

शिक्षकको नामः

तहः नियुक्तिको प्रकारः स्थायी/अस्थायी/राहत/अन्य भए खुलाउने.........

हालको तह/पदमा नियुक्ति मितिः

| क्र.सं | विवरण | आधार | शिक्षकले भर्ने | प्राप्ताङ्क (छनौट समिति/स्थानीय तहले भर्ने) |
|---|---|---|---|---|
| १ | कार्य अनुभव | वर्षमा लेख्ने | | |
| २ | शैक्षिक उपलब्धि | आफुले अध्यापन गर्ने विषयको पछिल्लो ३ वर्षको औषत GPA | | |
| ३ | शैक्षिक योग्यता | उल्लेख गर्ने | | |
| ४ | विशेष जिम्मेवारी | जिम्मेवारीको पत्र पेश गर्ने | | |
| ५ | प्रवर्तनात्मक कार्य | प्रअबाट प्रमाणित विवरण पेश गर्ने | | |
| ६ | अध्ययन अनुसन्धान | पछिल्लो ३ वर्षमा गरेका अनुसन्धान कार्यको विवरण प्रअबाट प्रमाणित गरी पेश गर्ने | | |
| ७ | सूचना संचार र प्रविधिको ज्ञान | ज्ञान र प्रयोगबारे संक्षेपमा उल्लेख गर्ने | | |
| ८ | कक्षा कोठा व्यवस्थापन | गृह कार्य परीक्षण, मासिक जाँच एकाइ परीक्षा लिने गरेको भए स्पष्ट उल्लेख गर्ने | | |
| | | जम्मा | | |

नोटः माथी उल्लेखित आधारको विवरण खुल्ने कागजातहरु जस्तैः विद्यार्थी (दलित समेत) विवरण, शिक्षक दरवन्दी संख्या, विद्यार्थी शिक्षक अनुपात, एस.इ.इ.को जिपिए, प्रवर्तनात्मक कार्यको विवरण, यस अघि पुरस्कार पाए नपाएको विवरण, औषत सिकाइ उपलब्धी विवरण र गणित विषयको ग्रेड पोइन्ट विवरण प्रअबाट प्रमाणित गरी छुट्टै पेश गर्नु पर्नेछ ।

निवेदक
शिक्षकको नामः
हस्ताक्षरः
मितिः

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
तौलिहवा, कपिलवस्तु

विद्यालयको छापः